



# बुद्ध दर्पण

राष्ट्रिय दैनिक

The Buddha Darpan National Daily






वर्ष ६ अंक २९८ | २७ चैत २०७७ शुक्रबार | 09 April 2021 Friday | पृष्ठ : ४ | मूल्य : ५ रुपैयाँ


## दाङमा चौतारी बिजयी

# लुम्बिनीमा संयुक्त गठबन्धनको पकड



नेपाल पत्रकार महासंघ
Federation of Nepali Journalists (FNJ)

अर्घाखाँची २६ चैत

नेपाल पत्रकार महासंघको निर्वाचनमा लुम्बिनी प्रदेशका सबैजसो जिल्लाबाट विपुल पोखेल नेतृत्वको लोकतान्त्रिक- प्रगतिशील नेतृत्व अगाडि देखिएका छ । प्रेस युनियन, प्रेस सेन्टर, माधव नेपाल निकट प्रेस चौतारी, प्रगतिशील पत्रकार संगठनहरुबीच भएको गठबन्धनबाट यो समूहले जिल्ला, प्रदेश तथा केन्द्रमा आफ्नो पक्षमा नतिजा सुरक्षित गरेको हो ।

रुपन्देहीको जिल्ला अध्यक्षमा रामराज पोखेलको प्यानल विजयी भएको छ । प्रतिस्पर्धामा प्रेस चौतारीका दिनेश पाण्डेको प्यानल पराजित भयो । रामराज पोखेलले १६३ मत सहित विजयी भएका छन् । उनका प्रत्यासी प्रेस चौतारीका दिनेश पाण्डेले भने १२० मत प्राप्त गरेका हुन् ।लुम्बिनी प्रदेशको अर्घाखाँचीमा र गुल्मी जिल्लामा लामो समयदेखि नेतृत्व लिएको प्रेस चौतारी पछाडि परेको छ । गुल्मी जिल्लामा माधव नेपाल निकट प्रेस चौतारीका टोपलाल अर्याल विजयी भएका छन् । अर्घाखाँचीमा लोकतान्त्रीक प्यानलबाट अशोक खनाल निर्वाचित भएका छन् ।

यतानेपाल पत्रकार महासङ्घको नयाँ नेतृत्वका लागि बुधवार भएको चुनावको मतगणना भइरहेको छ । केही जिल्लामा मतगणना सम्पन्न भइसकेको छ भने केही जिल्लाको मतगणना अन्तिम चरणमा पुगेको छ ।समाचार तयार पार्दा सम्म निर्वाचन समितिलाई ६५ जिल्लाको अन्तिम मत परिणाम प्राप्त भएको निर्वाचन समितिका प्रमुख कपिल काफ्लेले जानकारी दिए।

१२ सयभन्दा धेरै मत खसेको काठमाण्डौ जिल्लाको मतगणना नै सुरु भएको छैन । काठमाण्डौको मतगणना शुक्रवार बेलुकी या शनिवार बिहान मात्रै सकिने भएकाले महासङ्घको अन्तिम परिणाम आउन अझै दुई दिन लाग्ने संयोजक काफ्लेको भनाइ छ ।

अहिलेसम्मको नतिजाअनुसार विपुल पोखेलको प्यानलले देशका धेरै ठाउँमा अग्रता लिइरहेको छ । प्रारम्भिक परिणामको अनुपात हेर्दा ६० प्रतिशत मत पोखेलको पक्षमा र ४० प्रतिशत मत निर्मला शर्माको पक्षमा रहेको छ । महासङ्घका १३ हजार एक सय २२ जना सदस्य रहेकोमा बुधवार भएको मतदानमा झण्डै १२ हजार मतदाता सहभागी भएका थिए ।

यता नेपाल पत्रकार महासंघ दाङ शाखाको अध्यक्षमा कडा प्रतिस्पर्धाका विचमा प्रेसचौतारीका दुर्गालाल केसी विजयी भएका छन् । केसीले निकटम प्रतिस्पर्धी लक्ष्मी आचार्यलाई ११ मतलेपछि पार्दै जित हात पारेका हुन ।केसीका निकटम प्रतिस्पर्धी आचार्यले १ सय २४ मत प्राप्त गरेकीछन् भने १ सय ३५ मत सहित केसीले नेपाल पत्रकार महासंघ दाङ शाखाको नेतृत्व हात पारेका हुन् । यता कपिलवस्तुमा सबै संगठनबीच भएको सहमति अनुसार अध्यक्षमा प्रेसयुनियनका किरणमान श्रेष्ठ र सचिवमा प्रेसचौतारी ओली समुहका जानु पाण्डे सहित सबै पदमा सहमति भएको छ।

# छ्वालीमा आगो लगाउँदा, आगलागीका घटनामा वृद्धि

**रचना खासु मगर**

कपिलवस्तु २६ चैत



हिजो आज कपिलबस्तुका किसानलाई गहुँ स्याहार्न भ्याइ नभ्याइ छ। तर यसरी भ्याई नभ्याइ गरेर गहु काटिसके पछि गहुको छ्वालिमा खेतमै आगो लगाउनाले आगलागीको समस्या निम्तन सक्ने जोखिम बढेको छ। आगलागीका बिभिन्न जोखिम मध्ये यो पनि एक हो जसले गर्दा बर्षेनि लाखौ धनजनको क्षति हुने गरेको छ। सुख्खा याममा पानी पर्ने सम्भावना कम हुने भएकाले यतिखेर आगलागीको जोखिम बढी हुन्छ। किसानले खेतबारीमै गहुँको छ्वालीमा आगो लगाउनाले आफैलाई ठुलो नोक्सानी हुन्छ भन्ने कुराको हेक्का भने नराखिएको पाईएको छ।

अर्को तर्फ जिल्लाका स्थानिय तहमा दमकल नहुँदा आग्लागी भईहाले पनि समयमा नियन्त्रण गर्न उत्तिकै समस्या रहेको छ। हाल जिल्लाका कपिलवस्तु नगरपालिका, वाणगंगा नगरपालिका र कृष्णनगर नगरपालिका गरि ३ स्थानिय तहमा ३ वटा मात्रै दमकल छन्। अघिल्लो बर्ष मात्रै कपिलवस्तुमा भएका आगलागीका ६० घटनाका कारण १ करोड ६८ लाख ९३ हजार बराबरको क्षति भएको र यस आर्थिक बर्षमा ५४ घटनाबाट ९४ लाख ४० हजार बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालयका कपिलबस्तुका प्रहरी उपरिक्षक नबराज अधिकारीले जानकारी दिनु भएको छ।

ग्रामीण भेगका किसानमा आफ्नो खेतबारीमा छ्वालीमा आगो लगाउनाले खेतबारी मलिलो हुने र अर्को वर्ष दोब्बर बाली उत्पादन हुन्छ भन्ने भ्रम रहेको तर माटोको उर्बरा शक्ति आगोले नष्ट पार्छ भन्ने थाहा नहुँदा समस्या न्युनिकरण हुन नसकेको सरोकारवालाले बताएका छन्। आगलागीबाट बच्न र संम्भावित दुर्घटना न्युनिकरण गर्न सरोकारवाला निकायले नै जनचेतना फैलाउन आवश्यक रहेको स्थानीयहरुले बताउने गरेको छन्।

यता जिल्ला बिपद् व्यबस्थापन समितिको बुधबार (हिजो) बसेको बैठकले आगलागीका घटना जुनसुकै बेला हुन सक्ने हुनाले पुर्व सावधानिका लागि माईकिङ गरि सचेतना अपनाउन जिल्लाका सबै स्थानीय बिपद ब्यबस्थापन समितिसंगै स्थानीय तहलाई अनुरोध गर्ने, गहुँ बाली काटिसके पछि खेतमा आगो लगाउनाले वरपरको खेती बालीमा तथा गाउ बस्तीमा आगलागी फैलन सक्ने हुँदा सो हुन नदिन सचेतना कार्यक्रम गर्ने गराउने लगायतका निर्णय भएको जिल्ला बिपद ब्यबस्थापन समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी चक्रपाणी पाण्डेले जानकारी दिनु भयो। आफ्नै स्थानीय तहमा भएका दमकल २४ सै घण्टा चालु अवस्थामा राख्ने, दमकल नभएका स्थानीय तहहरुले नजिकका दमकल भएका स्थानीय तहलाई दमकल प्रयोग गरे वापत मर्मत संम्भार तथा ईन्धनका लागी आवश्यक सहयोग गर्न अनुरोध गर्ने निर्णय गरेको पनि पाण्डेयले जानकारी दिनु भयो।

# ४ मन्त्री सांसद रहेनन्, कार्यकाल ६ महिना मात्र



ललितपुर २६ चैत

नेकपा माओवादी केन्द्रबाट निर्वाचित भएर नेकपा एमालेमा प्रवेश गरेका चार सांसदको पद गएको छ। ऊर्जामन्त्री टोपबहादुर रायमाझी, उद्योगमन्त्री लेखराज भट्ट, सहरी विकासमन्त्री प्रभु साह र श्रममन्त्री गौरीशंकर चौधरीको सांसद पद गएको हो । प्रतिनिधिसभाको बिहीबारको बैठकमा सभामुख अग्निप्रसाद सापकोटाले चार सांसदले दल त्याग गरेकाले राजनीतिक दलसम्बन्धि ऐनअनुसार उनीहरूलाई सांसदबाट हटाउन माओवादी केन्द्रले सूचना दिएको जानकारी संसद सचिवायमाल आएको प्रतिनिधिसभालाई जानकारी गराएका थिए । मन्त्री रहेका चारैजना सांसदले मन्त्रीमै रहिरहनका निम्ती फेरि शपथ लिनुपर्ने हुन्छ । संविधानमा सांसद् नभएको व्यक्ति ६ महिना मात्रै मन्त्री हुन पाउने व्यवस्था छ । त्यस्तै, ६ महिनाभन्दा बढी प्रतिनिधिसभाको कार्यकाल रहने अवस्थामा रिक्त सांसद् पदका लागि उपनिर्वाचन हुने पनि संवैधानिक व्यवस्था छ ।


# गोली काण्डका नाइके १२ बर्षपछि पक्राउ

कपिलवस्तु २६ चैत



कपिलवस्तुमा १२ वर्षअघि ४२ वर्षीय विश्वनाथ यादवलाई गोली हानेर भागेका एक अभियुक्तलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका डिएसपी धर्मराज भण्डारी नेतृत्वको टोलीले हत्यामा संलग्न असलम मुसलमानलाई पक्राउ गरेको हो । उनलाई यशोधरा गाउँपालिका-७ मर्यादपुरबाट पक्राउ गरिएको कपिलवस्तुका एसपी नवराज अधिकारीले बताए ।कपिलवस्तुको शिवपुरमा १४ साउन २०६५ मा असलामले प्रहार गरेको गोली लागेर विश्वनाथको मृत्यु भएको थियो ।

जिल्ला अदालतले २ जेठ ०६९ मा असलमलाई सर्वस्वसहित जन्मकैदको फैसला गरेको थियो । अदालतको फैसलापछि उनी फरार थिए । उनीसहित चुलबुल यादव भन्ने हरिलाल यादव, आलमगिर मुसलमान भन्ने आलम शेषले मृतक यादवलाई घरबाट बाहिर बोलाएर घाँटी र दाहिने छातीमा गोली प्रहार गरि हत्या गरेका थिए । मुसलमानलाई प्रहरीले अदालतमा उपस्थित गराएको छ ।



## सम्पादकीय

# बिदा व्यवस्थापन

सरकारी बिदा व्यवस्थित र विवादरहित हुन सकेनन् नेपालमा शनिबार बाहेक । पात्रो बनाउनेहरु पनि परेसान छन् । हेर्ने र व्यहोर्नेहरु त झन् हुने नै भए । फलानो दिन सार्वजनिक बिदा हुन्छ र हुन्न भन्ने पूर्वजानकारी नहुँदा । गृहमन्त्रालयको निर्णय ढिलोगरी आउँदा । राष्ट्रिय चाडपर्व र महत्वपूर्ण दिवसको पनि सर्वमान्य निर्णय गर्न सकेको छैन सरकारले । कहिले हटाउने र कहिले थप्ने गर्छ । जस्ले अलि बढी दबाब दियो उस्ले भनेको हुने र दबाब दिन नसक्नेको अनुरोध नस्वीकारिने हुनु हुँदैनथ्यो । तर भैरहेको छ त्यस्तै । कतिञ्जेल हुने हो यस्तै । अलमल र अन्योल रह्यो प्रशस्तै ।

आउँदो वर्ष(वि.सं. २०७८)मा ४ दिन थपिने भए सार्वजनिक बिदा । जनैपूर्णिमा(रक्षाबन्धन), घटस्थापना, माघे संक्रान्ति र तिहार(भाइटीका)को भोलिपल्ट छुट्टी हुने भयो । जायजै होला यो ती दिन पर्व मनाउनेहरुका लागि । तर जस्ले ती पर्व मनाउँदैनन्, उनीहरुका लागि महत्वपूर्ण दिन नलाग्न पनि सक्छन् । धर्म, परम्परा, सँस्कार र सँस्कृति अनुसार, भूगोल, भाषा, बसोबास, बहुसंख्यक जाति जनजातिको बाहुल्यता हेरेर, स्थानीय, प्रदेश र संघीय सरकारले आफै निर्णय गर्ने अधिकार प्रत्यायोजन भैसकेका अवस्थामा सार्वजनिक बिदा तोक्ने जिम्मा संघीय सरकारले बोक्नु कति उचित होला ? संघीय सरकारले त बरु घेरैबाट माग भएका, अलमलमा रहेका दिवसमध्ये राष्ट्रिय एकता दिवस एवं पृथ्वी जयन्ती पुस २७ गते, लोकतन्त्र, गणतन्त्र, संविधान दिवस, माघ १६ गते/शहीद दिवस, फागुन ७ गते, बैशाख(बुद्ध)पूर्णिमा आदिमा कुन दिनलाई बढी महत्व दिने र कसरी भनेर परिभाषित गरेर तोक्नु जायज हुन्थ्यो होला ।

स्थानीय, प्रदेश र संघीय सरकारका विदामा एकरुपता भएन । आवश्यकता र औचित्यता पुष्टि गरिएन । होलीलाई २ दिन, पहाड र मधेश भनेर छुट्याउनु कति जायज होला ? तीजमा महिला मात्र, दीपावली र भाइटिका अलग । जनै पूर्णिमा / रक्षा बन्धन / राखी आदि हिन्दूहरुका लागि जति महत्वपूर्ण हुन्छन्, उतिकै महत्वपूर्ण नलाग्न सक्छन् बौद्ध, इस्लाम र इसाईलाई । ह्लोसार पर्व मान्नेहरुका पनि आ–आफ्नै दिन छन् । उनीहरुलाई विदा दिनु जायज छ । राष्ट्रिय पर्व, प्रादेशिक र स्थानीय पर्वको अन्तर छुट्टिएन । कपिलवस्तुको हकमा भन्ने हो भने कार्तिक पूर्णिमामा लाग्ने रामघाटको मेलाका दिन सार्वजनिक बिदा दिन सक्छन् । शिवरात्रिचाहिँ सवै हिन्दूहरुका लागि समान होला ।

गणतन्त्र, धर्मनिरपेक्षता र संघीयताको मर्म अनुसार चल्ने प्रयास गर्दा अलिकति अलमल भएको होला । सर्वपक्षीय र सर्वदलीय सहमति जुटाएर अलमल हटाउँदै जानु जायज हुन्थ्यो । राजनीतिक जस लिने अस्वस्थ प्रतिस्पर्धामा माघेसंक्रान्ति मान्ने, जनैपूर्णिमा(राखी)का दिन रक्षाबन्धन बाध्ने, घटस्थापना र भाइटीकाको भोलिपल्ट कार्यालय पुग्न समस्या हुनेहरुबाट स्यावासी पाउने प्रयास गरिएको पनि होला । अहिले जुन दिन सार्वजनिक बिदा तोकिएको छ, ती दिन पहिले पनि दिइन्थ्यो । बीचमा हटाएर फेरि थपिएको मात्रै हो । नौलो केही भएको छैन । अलमल हटेको छैन । अर्कोसाल अर्को सरकार बनेमा रहन्छन् कि हट्छन् भन्न सकिन्न ।

# विप्रेषणमा आधारित नेपाली अर्थतन्त्र

**श्यामप्रसाद मैनाली**

नेपालको अर्थतन्त्र अस्तव्यस्त छ, वैदेशिक व्यापार नकारात्मक रूपमा प्रभावित छ। कृषि प्रधान देश नेपाल प्रतिवर्ष अर्बौं रुपैयाँको खाद्यान्न आपूर्ति गरिराखेको छ। जलस्रोत र पर्यटन विकासको सम्भावना प्रबल हुँदा अपेक्षित उपलब्धि लिन सकिएको छैन। पर्यटन उद्योग विकासका लागि विश्वको सर्वोच्च शिखर सगरमाथा र भगवान् बुद्धको जन्मस्थल रहेको देश नेपालको प्रचार-प्रसार र पर्यटकका लागि आधारशिला तयार पार्न सक्दा ठूलो मात्रामा विदेशी मुद्रा आर्जन गर्न सक्ने स्रोतका रूपमा लिने अवस्था हुँदा पनि हामीले यसलाई अपेक्षित रूपमा विकास गर्न सकेनौं।

उद्योग क्षेत्रको विकास गर्दै रोजगारका अवसर सृजना गर्न र नेपालको अर्थतन्त्रमा उल्लेखनीय योगदान दिने वातावरणसमेत निर्माण गर्न सकेनौं। आर्थिक कूटनीतिको विषय सिद्धान्तमा सीमित बनेको छ। भएका उद्योगधन्दा विस्तारै बन्द हुँदैछन्। देशमा भ्रस्टाचार व्याप्त भइराखेको छ। सुशासनको दिशामा उल्लेखनीय सुधारका संकेतसम्म पनि अनुभूति गर्न सकिएको छैन। दुईतिहाइनजिकको बहुमत प्राप्त सरकार कमजोर भई राजनीतिक अस्थिरताउन्मुख भएको छ। प्रतिपक्ष देशको राष्ट्रिय राजनीतिबाट प्रायः हराएको छ। अल्पमतको सरकारको नियति भोग्न र सामना गर्न बाध्य हुँदै गएको सरकार संसद्लाई एजेन्डाविहीन बनाउँदै अध्यादेशका आधारमा शासन गर्न लालायित भइराखेको छ।

ठूलो दलको दोस्रो बरियताका अध्यक्ष बनेका प्रचण्ड ५३ स्थान सुरक्षित भएको सानो कोटरीको मुखिया बन्दै सरकार बनाउने र ढाल्ने भूमिकामा कमजोर पात्रका रूपमा खुम्चिनुपरेकाले अविश्वासको प्रस्ताव दर्ता गर्न वा सरकारलाई दिएको समर्थन फिर्ता गर्नसमेत निर्णय लिन नसकी द्विविधाजनक मनस्थितिमा रहिआएका छन्। यस अवस्थामा अल्पअवधिमा व्यक्तिगत तरक्की गर्ने एकल एजेन्डा राजनीतिक दलहरूका प्रभावशाली पात्रमा देखिएको छ। त्यसैले देशको अवस्था अहिलेको स्थितिमा मौलिक सुधार गर्दै अघि नबढ्ने हो भने विकराल बन्दै जानेछ। आफ्नो सानो समूह र उपसमूहमा आत्मरतिमा रमाउने मनोदशाबाट ग्रसित भएका राजनीतिज्ञहरू देशलाई अधोगतिमा धकेल्न प्रयासरत छन्। यस अवस्थामा देशको अर्थतन्त्र सुधारोन्मुख हुन सकेको छैन।

विप्रेषणबाट प्राप्त राशि र यसले पारेको समग्र प्रभावबाट दीर्घकालीन रूपमा देशलाई कस्तो प्रभाव पर्ला ? यो अस्थायी प्रकृतिको स्रोतमा संकुचन आउँदा देशले सामना गर्नुपर्ने समस्याबारेमा चिन्तन गर्न ढिला भएको छ।

नेपालमा वैदेशिक लगानीको वातावरण बन्न सकेको छैन। सबै आर्थिक क्षेत्रका आधार कमजोर हुँदै गर्दा पनि नेपालीको जीवनस्तरमा सुधार आउँदै गएको छ। यसको निर्णायक कारण वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण हो। यसले राष्ट्रिय अर्थतन्त्रमा तरलताको अभाव हुन दिएको छैन। कूल गार्हस्थ्य उत्पादनमा करिब एकतिहाइको योगदान विप्रेषणको रहेको छ। वैदेशिक मुद्राको सञ्चितीमा राम्रो योगदान पुऱ्याएको छ। भुक्तानी सन्तुलनमा उल्लेखनीय सुधार हुन सकेको छ। दुई सय वर्षदेखिको वैदेशिक रोजगारको इतिहास भएको नेपालले सर्वप्रथम लाहोरमा रोजगारका लागि नेपाली गएका थिए। तत्पश्चात् सन् १८१५-१६ देखि ब्रिटिस सेनामा गोर्खालीले प्रवेश पाउँदै गए।

विप्रेषणवाट प्राप्त रकमले प्रतिव्यक्ति आयमा उल्लेखनीय सुधार गर्दै शैक्षिक विकासलगायत समग्र क्षेत्रको विकासका लागि सरकारलाई सहज अवस्था सिर्जना गरिदिएको छ। स्रोत देशका लागि वित्तीय विकासको प्रमुख आधार बनेको छ। ओडीएलगायतका विकासका लागि प्राप्त हुने वैदेशिक लगानीलाई समेत सन्तुलन कायम गर्न केही हदसम्म सफल भएको छ। उपभोग स्तरमा उल्लेखनीय वृद्धि हुँदा यसले वैदेशिक व्यापारको आकार ठूलो बनाएको छ। स्वास्थ्य सुविधा, पौष्टिक आहार, आबासको अवस्थामा सुधारका साथै शिक्षाको गुणस्तरमा समेत विकास हुँदै आएको छ। आर्थिक र गैरआर्थिक कारणले भूमण्डलीकरण र उदारीकरणको विकाससँगै यो क्रमले तीव्रता प्राप्त गर्दै गएको हो।

विकासशील देशका लागि विप्रेसन महत्त्वपूर्ण वित्तीय स्रोत बनेको छ। देशको अर्थतन्त्र चलायमान गराउन ठूलो सहयोग पुगेको छ। जम्मा जनसंख्याको १० प्रतिशत वैदेशिक रोजगारमा जाँदा १.९ प्रतिशत बहुआयामिक गरिबीमा सुधार आउने गरेको देखिन्छ। नाइजेरियामा भएको एक अध्यनले विप्रेषणमा दश प्रतिशतले वृद्धि हुँदा गरिबी निवारणमा १.६ प्रतिशतले सुधार आउने गरेको छ। यो आँकडा लगातार दुई वर्षको अध्ययन गर्दा देखिएको हो। वैदेशिक रोजगारमा जाने श्रमिकको गुणस्तरमा उनीहरूबाट पार्ने प्रभाव जस्तै- उत्पादन, उत्पादकत्व स्रोत देशमा र श्रमिकको गन्तव्य देशमा देखा पर्ने श्रम बजारको अवस्थिति आदिबाट निर्धारित हुने गरेको छ।

उदाहरणका लागि अदक्ष श्रमिक ठूलो संख्यामा हुनु र प्राविधिक जनशक्ति जस्तै- आईटी विज्ञहरू पलायन हुँदा देशलाई पर्ने प्रभावमा पृथकता हुन्छ। यसबाट मुद्रास्फीति, वैदेशिक विनिमय, अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धात्मक अवस्था घरजग्गा कारोबार आदिमा प्रत्यक्ष प्रभाव पर्छ। सुधार र विकासका विषयमा दीर्घकालीन प्रभाव नकारात्मक पर्छ। घरेलु उत्पादनमा ह्रास आई उत्पादन र उत्पादकत्वमा प्रतिकूल प्रभाव पर्छ। स्रोत देशहरूका जनतामा उपभोग्य सामग्रीमा रकम खर्चिने प्रवृत्तिमा वृद्धि हुन्छ। यसबाट नेपालजस्तो देशका लागि आयात बढ्दै गई अन्तर्राष्ट्रिय व्यापार घाटामा वृद्धि हुन पुग्छ।

विकासशील देशहरूको अवस्था हेर्दा ओडीएबाट प्राप्त राशिभन्दा तेब्बर राशि डिप्रेषणाट प्राप्त भएको स्थिति छ। वैदेशिक प्रत्यक्ष लगानीभन्दा ज्यादा रकमको प्रवाह यसबाट भएको स्पष्ट छ। संकटग्रस्त अवस्थामा अर्थव्यवस्था गएको र संक्रमणकालीन समयमा बाह्य स्रोतका रूपमा ठूलो योगदान विप्रेषणले गर्दै आएको देखिएको छ। गरिब र सीमान्तकृत कमजोर वर्गका लागि जीवन निर्वाह गर्ने प्रमुख र महत्त्वपूर्ण स्रोतका रूपमा रहँदै आएको छ।

नेपाल पनि विप्रेषणको प्रभावबाट अलग रहन सकेको छैन। उल्लिखित प्रभाव अन्य विकासशील देशहरू जस्तै- नेपालमा पनि परेको छ। रोजगारका अवसर नगन्य हुँदै गएको अवस्थामा वैदेशिक रोजगारबाट अदक्ष र अर्धदक्ष जनशक्ति आफ्नो ऊर्जावान् जीवन विदेशी भूमिमा सेवारत रहन बाध्य बनेका छन्। यसबाट धेरै प्रकारका सकारात्मक प्रभाव परेका छन्। विदेशी मुद्रा आर्जनको महत्त्वपूर्ण स्रोत नेपालका लागि विप्रेषण नै हो यसले गर्दा भुक्तानी सन्तुलन कायम गर्न र अन्तर्राष्ट्रिय व्यापारमा विदेशी मुद्राको अभाव हुन नदिई निरन्तरता दिन सफल भएको छ। देशको आर्थिक वृद्धि र विकासमा केही योगदान गर्न सफल भएको छ। मध्यमस्तरीय उद्योग-व्यवसायमा लागानी भएकाले देशको आर्थिक विकास र वृद्धिमा दीर्घकालीन प्रभाव पार्ने अवस्था देखिँदैछ। समग्र समुदायको जीवनस्तरमा सकारात्मक रूपमा प्रभाव पारेको छ। विदेशबाट सिकेर आएका सीपयुक्त जनशक्ति नेपाल फर्किएपश्चात् उक्त सीपको केही हदसम्म सदुपयोग भएको अवस्था छ। सरकारले प्राप्त रकम र जनशक्तिको प्रभावकारी उपयोग गर्ने योजनाका साथ अग्रसर हुँदा नेपालको अर्थतन्त्रमा ठूलो प्रभाव पर्ने सम्भावना वैदेशिक रोजगारबाट प्राप्त भएको छ।

तर यसबाट देशलाई नकारात्मक प्रभावसमेत प्रशस्त परेको स्थिति छ। हालसम्म विप्रेषण रकम औपचारिक माध्यमबाट देशभित्र प्रवेश गराउनसमेत सरकार असफल हुँदा यसबाट प्राप्त राशिको सही आँकडा राष्ट्रसँग रहेको अवस्था छैन। राजनीतिक अस्थिरता संक्रमणकाल देशभित्र स्थायी समस्याका रूपमा रहँदा सरकार स्पष्ट खाका र दीर्घकालीन सोचका आधारमा योजना र कार्यक्रम तथा उपयुक्त नीतिको अवलम्बन गर्न सकिराखेको छैन। जनसंख्या वृद्धिका कारण देशको अर्थव्यवस्था प्रभावित भइराखेको छ। भूमण्डलीकरण र उदारीकरणको कारण प्रदर्शनको प्रभाव अत्यधिक ज्यादा छ।

यसले गर्दा नेपालीको जीवनस्तरमा उल्लेख्य सुधार भएको छ तर यसको स्थायी आधार र निरन्तरता दिन सक्ने अवस्था छैन। बस्तीहरू युवाविहीन भई वृद्धवृद्धा र बालबालिकामय बनेका छन्। यसले गर्दा युवाशक्ति आफ्नो देशको विकासमा उपयोग हुन नसकी अर्कै देशले उपयोग गरिराखेको छ। यो राष्ट्रका लागि दुःखद पक्ष हो। यसबाट राष्ट्रिय अर्थतन्त्रका साथै समग्र पक्षमा दीर्घकालीन रूपमा नकारात्मक प्रभाव पर्छ। कृषि प्रधान देशको उर्वर भूमि उपोगविहीन बन्दै गएको छ। उत्पादक कार्य नहुँदा पनि क्रयशक्ति बढ्दै गएको छ यो प्रवृत्तिलाई अर्थतन्त्रमा सुधार नभई निरन्तरता दिन सकिँदैन। आर्जित रकम ऋण रकम चुक्ता गर्न र उपभोग्य सामग्री खरिद गर्दा प्रायः सकिन्छ।

आम्दानीको स्रोतको दिगोपनामा सधैं प्रश्न खडा भएको छ। यति ठूलो राशि देशभित्र प्रतिवर्ष आउँदा पनि रोजगारका अवसरमा सुधार, स्वास्थ्य, शिक्षा, न्यून आर्थिक वृद्धि, राजनीतिक सामाजिक र सांस्कृतिक परिवर्तनमा योगदान पुग्न सकेन। विप्रेषणको आकार वृद्धि हुँदा लगानीमा वृद्धि हुन सकेन। कुल गार्हस्थ्य उत्पादनमा ठूलो योगदान हुँदै गर्दा त्यही अनुपातमा समग्र आर्थिक वृद्धि र आर्थिक विकास हुन सकेन। प्राप्त रकमको सदुपयोगबाट उल्ल्लेखनीय रूपमा समग्र कूल गार्हस्थ्य उत्पादनमा सुधार आउन सकेन। देशभित्र श्रमिक बजारमा संकुचन आयो। सीपयुक्त जनशक्ति र विप्रेसित राशिबाट उत्पादन र लगानीमा वृद्धि हुन सकेन।

अब चिन्तन गरौं, विप्रेषणबाट प्राप्त राशि र यसले पारेको समग्र प्रभावबाट दीर्घकालीन रूपमा देशलाई कस्तो प्रभाव पर्ला ? यो अस्थायी प्रकृतिको स्रोतमा संकुचन आउँदा देशले सामना गर्नुपर्ने समस्याबारेमा चिन्तन गर्नुपर्ने सही समय आएको छ। किनकि हाम्रा जनशक्ति प्राप्त गर्ने देशमा मलेसिया, कतार, साउदी, यूयोई अन्यमा क्रमशः ३०, २७.४, २०.२, १३.१ र ९.२ प्रतिशत खपत भइराखेका छन्। आफ्ना देशका नागरिकले नगर्ने जोखिमयुक्त कार्य दिई आफ्नो देशको विकास गरिराखेका छन्। प्रायः सबै देश पेट्रो डलरबाट सञ्चालित छन्। यसको विकल्प तेल आयात गर्ने राष्ट्रले सोच्न थालिसकेका र विश्व बजारमा तेलको मागमा गिरावट आउने सम्भावना उत्तिकै प्रबल छ।

अन्तर्राष्ट्रिय सम्बन्ध र विश्वव्यापी रूपमा कुनै समूह संलग्नता दिँदै आएका देशहरूले कुनै पनि समय हाम्रा श्रमिक स्वीकार नगर्ने नीति अवलम्बन गर्दा नेपालको अवस्थालाई निरन्तरता दिनेबारेमा देशका नीतिनिर्माता र सरकारले ध्यान दिएको अवस्था छैन। सरकारमा रहनेहरू सरकारबाट भएका गलत कार्यको विरोध गर्न सक्ने बेरोजगार युवालाई विदेशी भूमिमा पलायन गराएर आफ्ना सीमित कार्यकर्ताबाट गरिने प्रशंसा र समर्थनमा विश्वस्त भएका छन्। देशको अर्थतन्त्र विप्रेषणले थेगेको छ। यस अवस्थामा विप्रेषणमा आधारित हाम्रो अर्थतन्त्रबाट ठूलो समस्या देशभित्र आउन सक्छ। यसतर्फ जिम्मेवार निकायहरूको ध्यान जान सकेको छैन। *-अन्नपूर्णपोष्टबाट*


**CHHATRADEV RURAL MUNICIPALITY**
**OFFICE OF RURAL MUNICIPAL EXECUTIVE**
CHHATRAGUNJ, ARGHAKHANCHI

***Invitation for Sealed Quotations for the*** MALIKA MANDIR GATE NIRMAN, CHHATRADEV-6 AND KALIKA BHAGAWATI MANDIR MARMAT SAMBHAR, CHHATRADEV-8, GAIRATOLE

Contract Identification No: CRM/ARG/W/SQ/07/077/78
Date of Publication: 2077/12/27

1. The Chhatradev Rural Municipality invites sealed quotations from registered contractors for the construction of Malika Mandir Gate Nirman, Chhatradev-6 And Kalika Bhagawati Mandir Marmat Sambhar, Chhatradev-8, Gairatole.
2. The Estimated amount for the works is (in NRs.) 12,93,052.95 (Exclusive of VAT and Contingencies).
3. Eligible Bidders may obtain further information and inspect the Sealed quotation Forms at the Office of Chhatradev Rural Municipality Chhatragunj, Arghakhanchi or by reaching out to them at Telephone 9857066971 or by dropping a mail at chhatradev.ruralmun@gmail.com [or may visit PPMO website www.bolpatra.gov.np.]
4. Sealed Quotation Forms may be purchased by eligible Bidders on the submission of a written application and upon payment of a non-refundable fee of 1000 NRs.
Or
Bidder who chooses to submit their bid electronically shall deposit the cost of bidding document in the account specified below:
Name of the Bank: Nepal Bangladesh Bank Ltd., Chhatragunj Branch
Name of the Office: Chhatradev Rural Municipality
Office Account no: 0550000141 Rajaswa (revenue)
5. Sealed bids must be submitted to the above office by hand or through e-GP system i.e www.bopatra.gov.np/egp on or before 2078-01-12, 12:00 hours. Bids received after this deadline will be rejected.
6. Sealed Quotations shall be opened in the presence of Bidders' representatives who choose to attend at 2078-01-12, 13:00 hours at the office of Chhatradev Rural Municipality, Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs. 41000 which shall be valid for 30 days beyond the validity period of the bid i.e 75 days.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.



**बर्दघाट नगरपालिका**
**नगरकार्यपालिकाको कार्यलय बर्दघाट नवलपरासी**

**सन्देशमुलक अनुरोध**

१. खेतबारि बाँझो नराखौ। उत्पादनमा जोड दिऔं । उत्पादन बृद्धि गरौ।
२. खेति गर्दा प्राङ्गरिक मल प्रयोग लाई प्राथमिकता दिऔं। अर्ग्यानिक कृषि उत्पादनमा लागौं ।
३. स्थानीय जातका बिउबिजनको संरक्षण गरौ। आत्म निर्भता बृद्धि गरौ।
४. मध्यपान त्यागौं दुग्धपान गरौ, स्वस्थ्य बनौं । व्यवसायीक पशुपालनमा जोड दिऔं।
५. कृषि तथा पशुपालन गरौ, स्वरोजगार बनौं । समृद्ध नगर बनाउन सहयोग गरौ।
६. व्यवसायिक खेति तथा पशुपालनमा प्रबद्धनलाई सहयोग गरौ। आयत प्रतिस्थापनमा लागौं ।








**बाणगंगा नगरपालिका वडा नम्बर २ को वडाबासीहरुलाई हार्दिक अनुरोध**

ब्यतिगत घटनाहरु जस्तै जन्म, मृत्यु र बिवाहको वडा कार्यालमया समयमै दर्ता गराऔ।
शौचालयमा दिसा पिसाब गरौ र साबुन पानीले हात धोऔ।
भीडभाडमा जादा मास्कको अनिवार्य प्रयोग गरौ।
वडालाई स्वच्छ र हराभरा बनाउन सरफाईमा बिशेष ध्यान दिऔ।
पशुपंक्षीहरुलाई छाडा नछाडौ।

अनुरोधक
विष्णु पौडेल
वडाध्यक्ष

# पहिलो हप्तामा भिटामिन 'ए' खुवाइँदै



काठमाडौ २६ चैत

सरकारले राष्ट्रिय भिटामिन ए कार्यक्रम सञ्चालन गर्ने भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले वैशाख ६ र ७ गते देशभर भिटामिन ए कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको हो । यस अभियान अन्तर्गत ६ देखि ५९ महिनाका बालबालिकालाई भिटामिन ए क्याप्सुल र १ देखि ५ वर्षसम्मका बालबालिकालाई जुकाको औषधि दिइने जनाएको छ। ६ देखि २३ महिनाका बालबालिकालाई बहुसुक्ष्म पोषक तत्व बालभिटा कार्यक्रम लागू भएका जिल्लामा वितरण समेत गरिने छ ।कोरोना भाइरस कोभिड–१९ को संक्रमण बढ्दै गएकाले सुरक्षा सावधानी अपनाएर अभियान सञ्चालन गर्न मन्त्रालयले निर्देशन दिएको छ। कोरोनाकै कारण बालबालिकाको पाखुराको मध्य परिधिको नाप लिने कार्यक्रम भने स्थगन गर्ने स्वास्थ्य सेवा विभागका महानिर्देशक डा दिपेन्द्र रमण सिंहले बताउनुभयो।

**रूख विरुवा रोपौं, हरियाली बढाऔं,**

## Kapilvastu Municipality
## Office of Municipal Executive
Taulihawa,Kapilvastu
Lumbini,Province

**Invitation for electronic Sealed Quatation**

Date of First Publication:9th April,2021(27th Chaitra,2077)

The Kapilvastu Municipality,Office of the Municipal Executive, Taulihawa,Kapilvastu invites online sealed quotation under e-procurement system in the www.bolpatra.gov.np from eligible suppliers for the procurement of the following works. The bidders can visit the PPMO website for the brief description with Public entity name: **Kapilvastu Municipality, Office of Municipal Executive.**

| S. N. | Contract ID | Name of Projects | Estimated Amount (Exclusive VAT) (NRs.) | Bid Security (NRs.) | Account No. for Cash Security | Bid Doc fee | Account No. for Bid Doc Fee | Final Submission Date&Time |
|---|---|---|---|---|---|---|---|---|
| 1 | KM/MED/077/078-77 | Procurement and Delivery of Medicines | 1976085.10 | 50,000.0 | RastriyaBanijyaBank, TaulihawaBarnch Sthaniya Taha Dharauti Khata No.3110100303000002 | 1000.00 | RastriyaBanijyaBank, Taulihawa Barnchh Sthaniya Taha Sanchit Kosh Khata No. 3110100301010002 (Ga-1-1) | 23rd, April 2021(10th Baisakh,2078) 12:00 |

Chief Executive Officer

## मालपेत कार्यलय चन्द्रौटाको ३५ दिने सूचना

कृषि भुमि सुधार तथा व्यवस्था मन्त्रालय
भुमि सुधार तथा व्यवस्था मन्त्रालय विभाग
मालपोत कार्यालय चन्द्रौटा, कपिलवस्तु

मिति: २०७७।१२।२२

विषय : श्रेस्ता कायम गरी ३५दिने हकवालाका नाममा सार्वजनिक सुचना

श्री विजय नगपालिका वडा नं ७ सम्बन्धी सरोकारवालाहरु साविक शिवानगर ६ ।

उपरोक्त सम्वन्धमा जिल्ला कपिलवस्तु साविक शिवानगर वडा न ६ लाल विजयनगर गाउँपालिका वडा न७ बस्ने शिवरतन कुर्मिको बुहारी साधु कुर्मिको पत्नी तार मति कुर्मि ले मृतक ज ध अकालपति कुर्मिका नाममा दर्ता रहेको गणेशपुर वडा न ५ ख को कित्ता नं २०, ३६,,५क कि नं ४३१, ५०८, ५४०, २२१, ३६७, ३८५,४७३, ५०२ को जग्गा श्रेष्ता कायम गरी उक्त जग्गा दा खा छुट हुन गएकाले श्रेष्ता कायम गरी दा खा गर्री पाउँ भनि कार्यलयमा निवेदन पेश गरेको सन्र्दभमा श्रेस्ता जिर्ण भएको श्रेस्ताबाटा निवेदनका नामामा दा खा हुन बाकि रहेकोले माग बोमोजिम उल्लेखीत कित्ता साबिक ज ध अकाल पति कुर्मीका नाममा कायम गरी मेरो नाममा दा खा गरी पाउँ भनी कार्यालयमा निवेदन प्रप्त हुन आएकाले श्रेस्ता कायम गर्न पर्न भएकाले उक्त जग्गाको एकीन गर्न पर्न भएको हुदाँ यो ३५ दिने सुचना प्रकासित गरीएको छ।

माग बोमोजिम उल्लेखीत कित्ता अकाल पति कुर्मिको नभए वा अरु कसैको नाममा भएमा वा माग बोमोजीम निजका नाममा श्रेस्ता कायम गरी निवेदक तारामाती कुर्मीको नाममा दा खा गरी दिदाँ कसैको हकदैयामा असर पर्ने भएमा वा माग दावी सत्या नभएमा सम्बन्धित सरकारवालाको नाममा यो ३५ दिने सार्बजनिक सुचना प्रकासित गरीएको छ। सहप्रमाण सहिद दवी गर्नु हुन अनुरोध छ। म्याद भित्र दावी पर्न नआएमा निवेदकको माग बोमोजिम भई जाने बेहोरा सूचित गरिन्छ।

## माल पोत कार्यालय चन्द्रौटाको श्रेता कायम सम्वन्धी हकवालाका नाममा ३५ दिने सार्वजनिक सूचना

उपरोक्त सम्बन्धमा ज्रिल्ला कपिलवस्तु साविक विरपुर गा.वि.स वडा नं १ हाल शिवराज नगरपालिका वडा नं ६ बस्ने उनिहर पासीको नाती बद्री पासीको छोरा राम चरित्र पासीले आफ्नो नाममा रहेको विरपुर १क कि.न ९, १९, ३२, ४४, ५३, ११६, ७३, ११९, १३१, १३३, १७८, १८२, २४१, २५६, २७६, २७८, ३१८, ५१५, ५७६, ६३३, ६९३, ६९६, ११,१५,३०,४१,७५८,६०५, ६३१, ८५, ८८, १२०, ३४८, ५०९, ७५६, ५७०, ५७२, को जग्गा कार्यालयको श्रेता जिर्ण भएको सो जग्गा आफ्नो नाममा दर्ता रहेकोले श्रेता कायम गरि पाउं भनि कार्यालयमा निबेदन पेश गरेको सन्र्दभमा श्रेता नभएको जग्गा धनि प्रमाण पुर्जा रहेको सो जग्गा छुट जग्गा नभएको श्रेता कायम गरि फरक पर्ने नपर्ने एकिन गर्नु पर्ने भएको हुदा यो ३५ दिने सुचना प्रसारण गरिएको छ। साथै माग बमोजिम उल्लेखित कित्ता राम चरित्र पासीको नभएमा वा अरु कसैको नाममा भएमा वा माग बमोजिम निजका नाममा श्रेता कायम गरि दिंदा कसैको हकदैयामा असर पर्ने भएका वा माग दावि सत्य नभएमा सम्वन्धित सरोकारवालाका लागी यो ३५ दिने सुचना प्रसारण गरिएको छ। स प्रमाण सहित दावि गर्नुहुन अनुरोध छ ।म्याद भित्र दावि पर्न नआएमा निवेदकको माग बमोजिम भै जाने व्योरा समेत सुचित गरिन्छ।

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पुरातत्त्व विभाग

## कपिलवस्तु संग्रहालय
कपिलवस्तु

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

मिति 2077/12/27

यस कपिलवस्तु संग्रहालयको मिति 2077/11/10 मा बुद्ध दर्पण राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित बोलपत्र आवहान गरिएको र मिति 2077/12/16 मा खोलिएको बोलपत्रहरुको मूल्यांकन गर्दा आर्थिक प्रस्ताव अनुरुप न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्रही तपशिल ठेक्का नं. स्वीकृतको लागी छनोट भएको हुदा सार्वजनिक खरिद ऐन,2063 को दफा 27 को उप दफा (2)को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

तपशिल:

| ठेक्का नं. | निर्माण कार्यको विवरण | निर्माण व्यवसायको नाम | कबोल अंक(मु.अ.कर पि एस. सहित) |
|---|---|---|---|
| DOA-01/077/78 | बाउण्ड्री वाल निर्माण कपिलवस्तु संग्रहालय | वर्षा निर्माण सेवा भक्तापुर | 2,849,909.86 |

## वनलाई डढेलो बाट जोगाऊ

गर्मी यामसँगै हावाहुरी बढि चल्ने र वन डढेलो लाग्ने जोखिम पनि उच्च हुने भएकाले लाइटर, सलाई, हात, हतियार लगाएतका निशेधित वस्तुहरु लिएर वन क्षेत्रमा प्रवेश नगर्नुहुन सम्पूर्ण उपभोक्ताहरुमा हार्दिक अपिल गर्दछौं । वन डढेलोको कारण हरियो वन तथा वन्य जन्तुहरु नष्ट भई वातावरणीय असन्तुलन पैदा हुने खतरा हुन्छ तसर्थ वन संरक्षणमा योगदान पुऱ्याउन र आफुले जानेबुझेका कुरा गाउँ, घर, छरछिमेकीलाई पनि बुझाउन सबैमा सनिवय अनुरोध गर्दछौं ।

*वनमा हरित पेटी तथा अग्नि रेखा निर्माण गरि नियमित सफा गरौं, आगोको फैलावटमा बाधा पुऱ्याऔं।*



**आदर्श सामुदायिक वन उपभोक्ता समूह परिवार**
बुद्धभुमी न.पा- चंघाट, कपिलवस्तु

**सरेपानी सामुदायिक वन उपभोक्ता समूह परिवार**
बाणगंगा न.पा- ९, कपिलवस्तु

**बागेश्वरी सामुदायिक वन उपभोक्ता समूह परिवार**
बाणगंगा न.पा- ५,६ कपिलवस्तु

**डिभिजन वन गौतम बुद्ध कार्यलय कपिलवस्तु**
कपिलवस्तु

**कोटीहवा सामुदायिक वन उपभोक्ता समूह परिवार**
बाणगंगा न.पा- भलवाड, कपिलवस्तु

**तिलौराकोट साझेदारी वन व्यवस्थापन समिति परिवार**
कपिलवस्तु

**मुना सामुदायिक वन उपभोक्ता समूह परिवार**
बाणगंगा न.पा -२ कपिलवस्तु

**डिभिजन वन कार्यलय कपिलवस्तु**
कपिलवस्तु

## *Invitation for Bids*
## Bhumikasthan Municipality
## Nuwakot, Arghakhanchi

Invitation for Bids for the NuwakotKhiljiAsurkotSworgadwari Tourism Road Upgrading Work
IFB No: 68/BMA/W/TR/2077/078
Contract Identification No: 68/BMA/W/TR/2077/078
*Date of publication: 09-04-2021*

1. The Government of Nepal [GoN] has allocated funds towards the cost of NuwakotKhiljiAsurkotSworgadwari Tourism Road Upgrading Work and intends to apply part of the funds to cover eligible payments under the Contract for NuwakotKhiljiAsurkotSworgadwari Tourism Road Upgrading Work (Contract No: 68/BMA/W/TR/2077/078). Bidding is open to all eligible bidders as per Section V of Bidding Document.
2. Bhumikasthan Municipality invites electronic bids from eligible bidders for the construction of NuwakotKhiljiAsurkotSworgadwari Tourism Road Upgrading Work under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.

Only eligible bidders with the following key qualifications should participate in this bidding:

Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs.44900000.00 Minimum Work experience of similar size and nature: 24000000.00

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bhumikasthan Municipality, Arghakhanchi, Arghakhanchi, Karnali Province, Nepal or may visit PPMOe-GP system www.bolpatra.gov.np/egp.

Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: Century Commercial BankLtd.
Name of the Office: Bhumikasthan Municipality
Office Code no:
Office Account no: Rajaswa (revenue) Shirshak no: 0900000013GE

4. Pre-bid meeting shall be held at BhumikasthanMunicipality Arghakhanchi Lumbini Province, Nepal at 28-04-2021 13:00 hours.
5. electronic bids must be submitted to the office Bhumikasthan Municipality, Arghakhanchi, Arghakhanchi, Karnali Province, Nepal through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 10-05-2021 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 10-05-2021 13:00 hours at the office of Bhumikasthan Municipality. ArghakhanchiLumbini Province, Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 750000 which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Required Bid Capacity:**

The bidding capacity of the bidder should be equal to or more than the NRs.4966000.00 (2a)

अखाद्य,सडेगलेको वा म्याद नाघेको वा अस्वाभाविक रुपमा बढि मुल्य लिने वा कम तौल बिक्री गरेको पाइयमा नजिको प्रहरी कार्यालयमा सम्पर्क गरौं ।
अनुरोधक :-
महाराजगञ्ज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

उपभोग्य वस्तु खरिद गर्नु अघि अनिवार्य रुपमा वस्तुको मुल्य , उत्पादकको नाम ठेगाना ,तौल ,उत्पादन र उपभोग गर्न सकिने मिति हेरेर मात्र खरिद गरौं ।
अनुरोधक :-
विजयनगर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

घरेलु हिंम्सा अपराधको जघन्य प्रकार,सबै मिलि गरौं यसको प्रतिकार
अनुरोधक :-
शुद्धोधन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

आफुले पालेका पशुपंक्षीलाई खुला रुपमा नछोडी थुनेर मात्र पालौं ।
अनुरोधक :-
बाणगंगा नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

साँस्कृतिक धार्मिक र प्रकृतिक सम्पदाको रक्षा गरौं ।राष्ट्रिय स्वाभिमानको रक्षा गरौं ।
अनुरोधक :-
बुद्धभुमि नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

जथाभावी बाटो नकाटौं, अकाल मृत्युबाट बचौं।
अनुरोधक :-
यशोधरा गाउँपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

लागु औषद सेवनले मानिसको शारिरिक र मानसिक स्वास्थ्य बिग्रन्छ ,धन सम्पतीको वर्वाद गर्दछ ।यसको प्रयोग वाट आफु ,परिवार,सामाजलाई नै अपुरणीय क्षेती पुग्ने हुदा यस्ता पदार्थ देखी टाढा रहौं ।
अनुरोधक :-
शिवराज नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

अपाङ्गता भएका व्यत्तीहरु प्रतिको नकारात्मक सोच आजै वाट अन्त्य गरौं ।
अनुरोधक :-
कृष्णनगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

वस्तु वा सामान खरिद गर्दा अनिवार्य रुपमा बिल लिने गरौं ।
अनुरोधक :-
मायादेवी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

बालविवाह,बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निमार्ण गरौं ।
अनुरोधक :-
कपिलवस्तु नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

# गुल्मीमा डढेलोवाट ११ले ज्यान गुमाए



गुल्मी २६ चैत

गुल्मीमा करिब दुई हजार हेक्टर क्षेत्रफलको जंगल डढेलोका कारण नष्ट भएको छ । जिल्लाका विभिन्न सामुदायिक वनहरुमा लागेको डढेलोका कारण करिब दुई हजार हेक्टर क्षेत्रफल नष्ट भएको डिभिजन वन कार्यालय गुल्मीका प्रमुख प्रभात सापकोटाले जानकारी दिए । उनका अनुसार मदाने क्षेत्रका जंगल, मुसिकोट,रेसुङ्गा, धुर्कोट, इश्मा ,कालीगण्डकी क्षेत्रका जंगलमा डढेलो लागेको हो। प्रायः व्यक्तिले खरबारीमा आगो लगाउँदा डढेलो फैलिँदै जंगल क्षेत्रमा प्रवेश गर्ने गरेको पाइएको छ । डढेलो नियन्त्रण गर्न स्थानीय, कार्यालयका कर्मचारी, जिल्लाका सुरक्षा निकाय लागिपरेका सापकोटाले बताए । वन डढेलो र आगलागी हुन नदिन डिभिजन वन कार्यालय गुल्मीले प्रचार प्रसार र सन्देशमूलक जानकारी गराउँदै आएको कार्यालयले जनाएको छ। स्थानीय रेडियो, पत्रपत्रिका,टेलिभिजनमार्फत वन डढेलो र यसका असरबारे सन्देशमूलक सूचना प्रकाशन र प्रसारण गर्दै आएको कार्यालयले जनाएको छ। २०६६ साल वैशाख १२ गते हस्तीचौर सामुदायिक वनमा लागेको आगो निभाउने क्रममा साविक वडा-३ का ५ जनाको घटनास्थलमै ज्यान गएको थियो। यसरी ज्यान स्थानीय रामलाल घिमिरे, अमर बहादुर कुँवर, देवकली खत्री, सीता कुँवर, धनकली खत्रीको जलेर मृत्यु भएको थियो । यस्तै अहिलेसम्म आगो निभाउने क्रममै ११ जनाको ज्यान गइसकेको जनाईएको छ।

# भारतको उत्तर प्रदेशको ३ जिल्लामा कर्फ्यू



एजेन्सी २६ चैत

भारतको उत्तर प्रदेशमा कोरोनाको जोखिम उच्च भएपछि तीन जिल्लामा रात्रिकालीन कर्फ्यु लागू भएको छ। लखनउ, प्रयागराज र वाराणसीमा राति ९ बजेदेखि बिहान ६ बजेसम्म कर्फ्यु लागू भएको छ । यो समयमा अत्यावश्यक सेवाका गाडीलाई भने ओहोरदोहोर गर्न दिइनेछ। योबाहेक उत्तर प्रदेशमा ५ सयभन्दा बढी सक्रिय सङ्क्रमित भएका ठाउँ र हरेक दिन एक सयभन्दा बढी नयाँ बिरामी भेटिएका ठाउँमा पनि राति कर्फ्यु लाग्ने भारतीय सञ्चारमाध्यमले जनाएका छन् । उत्तर प्रदेशका मुख्य मन्त्री आदित्यनाथले परिस्थिति हेरेर थप निर्णय गरिने बताउनु भएको छ । भारतमा कोरोना भाइरसका सक्रिय सङ्क्रमितको स८्या ९ लाख नाघेको छ । एकैदिन एक लाख २६ हजार भन्दा धेरै सङ्क्रमित थपिएसँगै सक्रिय सङ्क्रमितको संख्या ९ लाख १० हजार पुगेकाको वर्ल्डओमिटरले जनाएको छ। कोरोनाका कारण ज्यान गुमाउनेको संख्या एक लाख ६६ हजार ८ सय ९२ पुगेको छ । भारतमा अहिलेसम्म एक करोड ९२ लाख भन्दा धेरैलाई सङ्क्रमण भएको छ। यस्तै, दिल्लीमा कोरोनाको कारण अवस्था गम्भीर बन्दै गएको छ ।त्यहाँका बालबालिका र युवा पनि सङ्क्रमणको उच्च जोखिममा परेका छन् ।






# लुम्बिनीका ३ सहित ८ प्रजिअ सरुवा




बुटवल २६ चैत

गृह-मन्त्रालयले लुम्बिनी प्रदेशका ३ सहित ८ जिल्लाका प्रमुख जिल्ला अधिकारी परिवर्तन गरेको छ। गृहमन्त्री रामबहादुर थापा 'बादल'ले आठ जिल्लाका प्रजिअसहित २६ जना सह-सचिव र उप-सचिवको सरुवा गरेका हुन् । अध्यागमन विभागको महानिर्देशकमा नारायणप्रसाद भट्टराईलाई सरुवा गरिएको छ।

सह-सचिव शिवराम गेलाललाई बाँकेको प्रमुख जिल्ला अधिकारीमा सरुवा गरिएको छ । नवलपरासी पश्चिममा धर्मेन्द्र मिश्रलाई पठाइएको छ। लमजुङको प्रजिअमा होमप्रसाद लुइँटेललाई सरुवा गरिएको छ । बैतडीमा राजेन्द्रदेव पाण्डेलाई पठाइएको छ । राजेन्द्रदेव पाण्डेलाई बैतडीकोप्रजिअ,नवराजसापकोटालाई रोल्पा, सुनिल खनाललाई डोटी र भरतमणि पाण्डेलाई मकवानपुरको प्रजिअ तोकिएको छ।

उप-सचिव रामबहादुर कुरुङ्वाङलाई ईलाका प्रहरी कार्यालय टिकापुर सरुवा गरिएको छ । गोपालकुमार अधिकारीलाई बाजुरा पठाइएको छ। त्रिभुवन विमानस्थल अध्यागमन कार्यालयमा सुशील बैधलाई पठाइएको छ।

# श्रीमतिको हत्या अभियोगमा पक्राउ



रुपन्देही २६ चैत

रुपन्देहीमा आफ्नै श्रीमतीको हत्या गरेको आरोपमा एक वृद्ध पक्राउ परेका छन् । सियारी गाउँपालिका-३ हर्नैयागाँउकी ५५ वर्षीया कुसुम बानियाँको हत्या आरोपमा श्रीमान् ६६ वर्षीय गनपत बानियाँलाई बिहीबार बिहान प्रहरीले पक्राउ गरेको छ।गनपतले श्रीमतीको हत्या गरेको खबर पाएपछि ईलाका प्रहरी कार्यालय बेथरी र जिल्ला प्रहरी कार्यालय रुपन्देहीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।घटनाको सम्बन्धका प्रहरीले अनुसन्धान गरिरहेको छ।


श्रम ऐन,२०७४ को पालना गरौं, श्रमिक,श्रमिक आपुर्तिकर्ता र रोजगारदाता सजग बनौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग





कमन नेपाल प्रा. लि.द्वारा प्रकाशित राष्ट्रिय दैनिक बुद्ध दर्पणका लागि प्रबन्ध निर्देशक : लक्ष्मण बेल्बासे, अतिथि सम्पादक : नारायणप्रसाद पौडेल, प्रधान सम्पादक: बसन्त गिरी,
सम्पादक : पार्वती पाण्डे, प्रबन्ध-सम्पादक : डिलाराम भुसाल, बजार व्यवस्थापक : रामु पौडेल, कम्प्युटर सेटिङ्ग : सागर क्षेत्री
प्रधान कार्यालय : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, फोन नं. ०७६-५५०२६०, फ्याक्स: ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , प्रदेश नं. ५ , ईमेल: buddhadarpan@gmail.com मुद्रण: कलर अफसेट प्रेस, बुटवल, रुपन्देही